# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-३६, आश्विन, २०७०

## भित्र

यदि म एउटा नेता हुन्थे.............२

नास्पाती सामाजिक परिवारको अध्यक्ष देवी राना मगरको अनुभव .......................................३

कुराकानी......................................४

सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org

## मूल्याँकन टोलीद्वारा फिल्ड अनुगमन :

सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, गोरखा, धादिङ, लमजुङ लगायतका जिल्लाका विभिन्न स्थानहरूमा समग्रले सञ्चालन गर्दै आइरहेको सिमान्तकृत मानिसहरूको सशक्तिकरण अभियानको गत ४ वर्षको प्रभावकारीता र भावी कार्यक्रमको आवश्यकताका सम्वन्धमा मूल्याँकन गर्न स्वतन्त्र परामर्शदाताकोरुपमा रहनु भएका श्री यादव चापागाइँ सहितको टोलीले ती जिल्लाका विभिन्न स्थानहरूको स्थलगत भ्रमण गऱ्यो ।

उक्त भ्रमणको क्रममा सिरहाको वडहरामालमा रहेको मनकामना साप, कर्जनाको वेलपत्र साप र प्रगतिशिल महिला सहकारी संस्था, सीतापुरको मिलन, दलित उत्थान, श्रीराम, मा दुर्गा सापहरु तथा भिभ्रौलको दलित तत्मा साप, उदयपुर जिल्लाको त्रिवेणी ६ मजुवामा रहेको उदय साप, त्रियुगा नपाको देउरीमा रहेको समाजसेवा साप, जीवनज्योती सहकारी संस्था, सुन्दरपुर २ सिवाईमा रहेको सगरमाथा र रोशनी सापहरु, सप्तरीको पश्चिम पिप्रामा रहेको मनकामना साप, सगरमाथा स्वावलम्वन सहकारी संस्था, कामना साप लगायत पूर्व पिप्रामा रहेको सप्तकोशी साप, मोहनपुर कठौनामा सापका प्रतिनीधिहरूसंग अन्तरक्रिया भयो । यसै सिलसिलामा सप्तरीको राजविराजमा र क्षेत्रीय कार्यलय लहानमा केही सरकारी तथा गैरसरकारी संस्थाका तथा स्थानीय मानवअधिकारकर्मी/पत्राकारहरुसँग छलफल भयो ।

छलफलको क्रममा समग्र तथा सामाजिक परिवारहरुले सञ्चालन गरेका कार्यक्रम तथा क्रियाकलापहरूको प्रभावकारीताको बारेमा छलफल गर्दै समग्रलाई भावी कार्यक्रम सञ्चालनका लागि सुझाव लिइयो । सापहरूले नियमितरुपमा मासिक वैठक सञ्चालन गरिरहेका, वचत संकलन तथा ऋण लगानी भैरहेको, सापको स्थापनापछि सिमान्तकृत मानिसहरूको सशक्तिकरणमा वल पुगेको, धेरैजना नेतृत्वमा पुग्न सफल भएको, गाउँघरमा



छुवाछुत र झैझगडामा कमी आउँदै गएको, स्रोत साधानमा स्थानीय मानिसहरूको पहुँच



वढेको, सेवादायी निकायहरूबाट दलित तथा वन्चीत वर्गहरूप्रति हेर्ने दृष्टिकोणमा फरक आएको, स्थानीय पूर्वाधार विकासमा टेवा पुगेको जस्ता धेरै उपलव्धीहरू हासिल भएको उदाहरण सहित सापका सदस्यहरूले आफ्ना विचार व्यक्त गरेका थिए। त्यसैगरी उनीहरूले समग्रले अझै सिमान्तकृत मानिसहरूका लागि थुप्रै काम गर्नुपर्ने र अधिकार सम्वन्धी चेतनका साथसाथै आयआर्जन, सीप विकास र पूर्वाधार निर्माणका क्षेत्रमा पनि समग्रले वजेट छुट्ट्याएर काम गर्नुपर्छ भन्ने सुझाव दिएका थिए ।

सरकारी तथा गैरसरकारी कार्यालयका प्रतिनीधिहरूले समग्रले सिमान्तकृत मानिसहरूसँग काम गर्दा पिंधमै पुगेर काम गरेको, सापको अवधारणा प्रभावकारी भएको, कर्मचारी/कार्यकर्ताहरूमा पनि कर्मचारीभन्दा पनि सामाजिक कार्यकर्ताको रुपमा काम गर्ने वानी भएको पाइएको, समग्रले काम गरेको ठाउँमा अन्य संघसंस्थाहरूलाई पनि काम गर्न सजिलो भएको, सवैपक्षसँग घुलमिल भएर सहकार्य गर्ने समग्रको वानी व्यवहार आफूहरूलाई मन परेको उनीहरूको धारणा थियो ।

फिल्ड भ्रमणको सिलसिलामा मनकामना सापको पहलमा १५ लाखभन्दा वढीको लागतमा तारकेश्वर मन्दीर निर्माण भएको, गाविसको सहयोगमा कलभर्ट तथा सडक ग्राभेल भएको पाइयो । त्यसैगरी वेलपत्र सापमा ३१ जनाले सिलाई कटाई तालिम लिएर सोही पेशामा लाग्दै आएको, सापका सदस्यहरू तरकारी खेती, वाख्रापालन, खुद्रा व्यापार र घरेलु उद्योगमा लागी आत्म निर्भर वनेको अध्यक्ष उर्मिला महतोले वताउनुभयो। सचिव मञ्जु महतोका अनुसार सापले ५८ वटा विभिन्न मानवअधिकार हननका घटनाहरू अनुगमन गरेको र कानुनी उपचारका लागि अभियान चलाउनका साथै सामान्य प्रकृतिका झगडाहरू सापले मिलाउदै आएको छ । उदय साप त्रिवेणीमा, विद्यालय तथा सामुदायिक भवन निर्माण, खानेपानीको व्यवस्था, १० विघा जमीनमा आँप र केराको सामुदायिक वगैचा सञ्चालन, आयआर्जन तथा घरखर्चको लागि ऋण खोज्न साहुकहाँ जान नपर्ने, सार्वजनिक स्थानमा जुवातास नखेल्ने र जाडरक्सी सेवन नगर्ने चलन रहेको सापका अध्यक्ष सम्वर वहादुर माझी लगायत अन्य सदस्यहरूले वताए। उनीहरूका अनुसार सापको हरेक दुई वर्षमा कार्यसमिति परिवर्तन हुने गर्दछ । आवश्यक्ताका सम्वन्धमा उनीहरूको भनाई थियो “डिप वोरिङ भएमा तरकारी खेती ब्यापक गर्न सकिन्थ्यो ।” कमला नदी तटवन्ध पनि गर्नुपर्ने टड्कारो समस्या उनीहरूले वताए ।

सीतापुर, सिरहाका सापहरूले कृषि, भुसंरक्षण कार्यालयवाट वोटविरुवा तथा कृषि सामग्रिका थुपै सहयोग पाएको फेरिस्त सुन्न पाइयो । त्यसैगरी सीपमूलक तालिम पनि धेरैले लिएका रहेछन्। पश्चिम पिप्रा, सप्तरीको मनकामना सापले गरीवी निवारण कोषवाट ६ लाख, आरआरएनबाट ड्याम निर्माणका लागि १२ लाख, भूसंरक्षण कार्यालयबाट जलाधार पोखरी निर्माणका लागि १४ लाख सहयोग पाएको अध्यक्ष राम वहादुर खुलालले वताउनु भयो । सापका सबै घरधुरीमा राजाजी वन उपभोक्ता समितिको सहयोगमा सोलार जडान भएको, शौचालय निर्माण भएको, अधिकांश सदस्यहरूले पशुपालन व्यवसायबाट राम्रो फाइदा लिएको पाइयो । सशक्तिकरणको फलस्वरुप खड्क वहादुर मगर नेपाली काँग्रेस गाविस स्तरिय अध्यक्ष, ज्ञानु थापा राजाजी सामुदायिक वनको अध्यक्ष लगायत नेतृत्व तहमा धेरै सदस्यहरू पुगेको सचिव खड्क वहादुर मगरले वताउनु भयो । ●

## कविता : यदि म एउटा नेता हुन्थे



उत्प्रेरक :शत्रुधन महरा

यदि म एउटा नेता हुन्थें ॥
सिमान्तकृत मानिसको सवाललाई अगाडि राख्थें ।
वहाँहरू कै बस्तीलाई कार्यक्षेत्र वुझी,
आफनो कर्म स्थल ठान्थे ॥ यदि...

आफनै भाईचारा समझी माया गर्थे,
बन्चित बालवालिकालाई स्तरीय शिक्षा दिलाउँथें ।
राज्यको हरेक निकायमा पंहुच गराई,
वहाँहरूको अधिकार सुरक्षित गराउँथें ॥ यदि...

त्यै भत्केको घरलाई मन्दिर ठान्थें,
उही समाजलाई देवता सम्झी पूजा गर्थे ।
विपन्नकै सवाललाई प्रसाद भन्दै ग्रहण गथें,
समान ब्यवहार गरी वहाँसँगै रमाउँथें ॥ यदि...

असल नेतृत्व र समतामुलक समाजको निर्माण गर्थे,
अत्याचार, अन्यायको विरूद्ध लडाई लडी न्यायको स्थापना गर्थे ।
दमन र तानासाहीबाट मुक्ती दिलाई,
सभ्य समाज जिन्दावादको नारा घन्काउँथें ॥ यदि... ●

# नास्पाती सामाजिक परिवारको अध्यक्ष देवी राना मगरको अनुभव :



गोरखा नपा-९ नास्पानी सामाजिक परिवारकी अध्यक्ष देवी राना मगर लेख-पढ् गर्न सक्ने दुई सन्तानकी आमा हुन् । छोरी कक्षा ४ र छोरा कक्षा १ मा पढ्छन्, श्रीमान गोरखामा नै गाडी चलाउँछन् । श्रीमान्, सासु, ससुरालाई रिझाएर यिनी सापमा नेतृत्वदायी भूमिका निभाउँछिन् । उनको परिवारलाई खेतीले खाएर केही बचत हुन्छ । भित्रको काममा सासुले र बाहिरको काममा ससुराले हात लगाउँदा यी ग्रामीण नारीलाई सापमा सकृय हुन सजिलो भएको छ । सापको कामबाट आनन्द आएको सुनाउँछिन् । सुन्दा त पत्याउन गाह्रो तर काम साँच्चै भएकै छ । यिनको नेतृत्वमा सापको टीम एक भएर लागेकोछ र गाउँका मानिसहरु खुशी छन् । उनी गाउँमा भएको सामाजिक कामका वारे भन्छिन्- “जनचेतना फैल्याउन प्रौढकक्षा संचालन गर्‍यौं । स्वस्थ रहनका लागि सापका सदस्यहरुवीच सरसफाई कार्य शुरु भयो । त्यसले आफ्ना वच्चा र घरका सदस्यहरु सफा भएर साना तिना रोगबाट वच्न सिकेका छौं । अवलोकन भ्रमणका लागि हरियो बन कार्यक्रमवाट स्याङ्जा र पोखरा पुगेर त्यस ठाउँको काम हेर्दा प्रेरणा लाग्यो । समग्रबाट धादिङ्गका सामाजिक परिवारसँग अन्तरकृया र दामेचौर-९ तसर्पुमा जनभोजन कार्यक्रमले स्कूल पढ्ने बालबालिकालाई प्रतेक दिन विहान ५ सय जनासम्मको लागि सन्तुलित खाना वितरण गर्ने त्यस ठाउँको सरसफाई र परिसरमा लगाएको अर्गानीक तरकारी देखेर हामीले पनि सिक्यौं । कतिले यता आएर लगाएका पनि छौं ।

बाढीपैरा जानबाट रोक्न भू-संरक्षण गर्नु पर्ने र खानेपानीको मुहान संरक्षण गर्न सके पछिसम्म काम लाग्ने कुरा थाहा पाईयो । घुमेका ठाउँका दिदी बहिनीहरुका अनुभववाट हाम्रो आँट बढ्यो । स्याङ्जा खुदी पास्यानबाट मसलाको विरुवा ल्यायौं, बारीमा निपियर घाँस लगाएका छौं ।” आफ्ना सापका सदस्यले सिकेको सीपका बारे आफ्ना अनुभव नहडवडाई हँसिलो भएर भन्छिन् देवी राना, “कुखुरापालन व्यवसाय सम्वन्धि एकहप्ते तालिम पाएपछि हाम्रो गाउँमा पनि व्यवस्थित कुखुरा पालन सुरु भयो । सापका पूर्व अध्यक्ष पूर्णवहादुर थापाले आधारभूत मानवअधिकार सम्वन्धि तालिम लिएको र त्यसपछि आएर सबै सदस्यहरुलाई आफ्नो हक, अधिकार के हो, किन आवश्यक पर्छ र जन्म, विवाह र मुत्यु दर्ता गर्दा हुने सजिलो वारे जानकारी दिनु भयो । छुवाछुत भेदभाव गर्न हुँदैन भन्ने सिकाउनु भो ।

नास्पाती सापमा दमाई, कामी, सार्की, मगर, क्षेत्री, बाहुन र अरु थरका हामी-७१ घर मिलेर बसेका छौं । छुवाछुत भेदभाव गर्नु हुन्न यो पनि अर्को मान्छेको अधिकार हनन् हो भन्दा हामी सबै झसङ्ग भयौं । आजभोलि हाम्रो सापमा छुवाछुत भेदभाव छैन ।

म साप अध्यक्ष भएको एक बर्ष भयो । धेरै कुरा सिक्न पाएँ । हेर्नुस्न, म सामाजिक परिवारको मुखिया, घरकी बुहारी, दुई बच्चाकी आमा र श्रीमान्‌की सहयात्री, मलाई खुशी लागेको छ । बचतको हिसाव वेलुका गर्छु । हिसाब राख्ने जिम्मा मेरो हो । सबैले छानेपछि जिम्मा लिनै पर्‍यो ।

निम्न वर्गका सदस्यसँग पैसा हुन्न, बाखा पालन गर्न, गोरुको व्यापार गर्न, ऋण सापटी दिने गरेका छौं । तीन महिनासम्म निर्व्याजी लगानी गर्छौं । यस्तो ऋण सापटी आजसम्म फिर्ता भएको छ । कसैले मासे, विगारेको छैन, सबै चुक्ता भएको छ । हामीसँग विरानचोक बन संरक्षण कोषको पनि रकम बचत छ । त्यसबाट आयमूलक कार्यमा पनि लगानी गर्दै आएका छौं । सामाजिक परिवार बनेपछि सामाजिक सुधारका काम भएको छ, जुवा-तास खेल्न बन्द भएको छ । बाटो खन्न दिन्न भन्थ्ये, अब बाटो बनाउनु पर्छ भन्नु हुन्छ । त्यस पछि हामीले हाम्रो गाउँको थुम्काचोक जाने बाटो बनायौं ।”

**सामाजिक सहयोग :-** दुर्घटना, दैविप्रकोप जस्ता आपतकालिन अवस्थामा तत्काल कोषबाट सापटी दिने गर्छौं । बिरामी, सुत्केरी वा अरु समस्यामा पनि सापको कोषबाट सर- सापटी गर्ने चलन छ । विवाहमा रमाईलो गर्ने पुरानै चलन चलाई साप बनेपछि कम खर्चमा झन् रमाईलो गर्ने तरीका सिकेका छौं । फजुल खर्च कम हुँदै गएको छ, साप सदस्यभित्र विरामी भएमा कुरुवा खटाउने, मृत्यु भएमा आ-आफ्नो सापले सहयोग गर्छ । मलाम जानेलाई खाजा लैजाने, किरीया बसेकालाई कुर्ने र आवश्यक सर-सहयोग दिने चलन अझ व्यवस्थित वनाएका छौं । भेट घाटमा जानेले फलफूल, चामल, ध्यू, अदुवा, चिनी, मिश्री, बिचाराका रुपमा पुर्‍याई आ-आफ्नो चलन रितीरिवाज संस्कृती अनुसारको कार्यका लागि सहयोग दिन्छौं, भै-परिआउने आपत विपत्तमा पनि सघाउछौं ।

**आर्थिक उन्नति :-** नास्पातिक सापको आफ्नै बचत कोष ८ लाख ५५ हजार छ । आफ्नो कोषबाट १ हजार कुखुरा पालनको लागि १ लाखसम्म लगानी गर्ने, बार्षिक व्याज १२ प्रतिशत लिने, समयमा नवुझाए हर्जना लाग्ने गरेको भन्छिन् देवी । ३ गते कोषमा पैसा जम्मा गर्ने, प्रतेक सदस्यले कोषमा १ सय जम्मा गर्ने, त्यसको भोलिपल्ट ४ गते मासिक बैठक बस्ने, बैठकमा ५० देखि ६० जना जम्मा हुने गर्छौं । पहिलो महिनामा भएको कामको समिक्षा, बिग्रेभत्केका बाटो, पानी, महिलामाथि पर्ने मर्काका बारेमा बढी छलफल हुन्छ । प्रविधिकहरुसँग सल्लाह गरेर समय अनुसारका तरकारी, अन्न, फलफूलको बोट विरुवा लगाउने र सकेसम्म बढी उत्पादन गर्ने गर्छौं । पहिला हामीले नास्पातीको विरुवा लगायौं र पछि केरा खेती गर्‍यौं । यसपालि लिची लगाउन खाल्डा खनेका छौं । जग्गा धेरै हुनेलाई ३५/४० बोटसम्म लगाउन दिने योजना छ । आ-आफ्नो वारीमा अंरीसो रोपेर राख्नाले कुचोका अभाव पनि समाधान भयो । कसैकसैले त कुचो बेच्न पनि थाले । यो हामीले भ्रमणमा जाँदा सिकेको हो ।

हाम्रो सापको छलफल पुस्तिका छ । मासिक बैठक हुँदा निर्णय लेख्छौं । उपस्थिति हुनेको दस्तखत हुन्छ । सापको आफ्नै छाप, लेटर प्याड, सामान राख्ने बाक्सा छ । हिसाब (बचत, लगानी, असुली) राख्ने लेजर पुस्तिका छ । कोषको रकम, लगानी र सोको असुली सबै लेजरमा चडाएर राख्छौं । आफ्नो सापमा

सदस्यसँग पासबुक हुन्छ । त्यसमा उसको हिसाब चडाई दिईन्छ । वचत गर्नेले आफूले कति जम्मा गरें भनेर हेर्न पाए । सापटी, ऋण लिएर फिर्ता गरेको पनि लेखदिन्छौं । सबैजना अगाडि आएर वोल्न सक्ने भै सक्नु भएको छैन । नगरपालिका भित्र भएर के गर्ने ? यसका लागि तालिम दिनु पर्छ, देवी राना थप्छीन् "पहिला म आफ्नो परिचय दिन नसक्ने थिएँ । अहिले आएर बोल्न सक्ने भएको छु । जिविस जाने र योजनाका बारे छलफल गर्ने काम पूर्व अध्यक्ष पूर्ण बहादुर थापाले गर्नु हुन्छ । उहाँसँग धेरै अनुभव पनि छ ।"



देवी राना हँसीलो हुँदै भन्छिन्, "छोरा छोरी हुर्केपछि समाजसेवी भएर काम गर्ने विचार छ । सामाजिक परिवार गठन गर्ने र विभिन्न ठाउँमा पुऱ्याएर त्यस ठाउँको राम्रा कामहरु हेर्न ढोका खोली दिएकोमा समग्रको गुण हामी विर्सिदैनौ । समग्रले दिने आधारभूत जानकारी र तालिमबाट हेर्दा सानो लागे पनि धेरै सिकिदो रहेछ । गाउँघरको उन्नतिका लागि आफैले गर्न सकिने कुरा सिकाउँदो रहेछ समग्रले तर गर्ने त आफैँले हो नि !"

आफुले धेरै कुरा सिकेको र व्यवहारमा उतारेको देख्दा अरु गाउँका महिला दिदी बहिनीहरुले पनि सामाजिक परिवार वनाएर आफैं काम गर्न सक्नु हुन्छ भन्ने यी २८ बर्षिय नेतृको सल्लाह छ । ●

**कुराकानी :**

लमजुङ जिल्ला चण्डीस्थान गाविस वडा नं. ५ सारिङ निवासी वावु कुल वहादुर वोहरा र आमा श्रीमायाको गर्भवाट वि.सं. २०४४ साल जेठ २ गते जन्मनु भएका मिरा भण्डारी समग्रको लमजुङ जिल्लाको उत्प्रेरक हुन् । समग्रको आ.व.२०६९/७० का लागि उत्कृष्ट कार्यकर्ताका रुपमा पुरस्कृत हुनु भएका भण्डारीसंग गरिएको कुराकानीको अंशहरू यस प्रकार छन् ।

**प्रश्न: समग्रको यसवर्षको उत्कृष्ट कार्यकर्ताको रुपमा पुरस्कृत हुनुभएको छ, कस्तो महसुस गर्नुभएको छ ?**

उत्तरः-म समग्र विकास सेवा केन्द्रको उत्कृष्ट कर्मचारी भएर पुरस्कार पाएकोमा अति खुशी छु । किनकि मैले स्कुल बाहेक अरु संस्थाबाट पुरस्कार पाएको पहिलो पटक हो । मेरो कामलाई कदर गरेर पुरस्कार दिएकोमा समग्र र मलाई काम गर्न प्रेरणा दिनुहुने रुद्र कोइराला सरलाई आत्मैबाट धन्यबाद दिन चाहन्छु ।

**प्रश्न. तपाई किन पुरस्कृत हुनुभएको होला ?**

उत्तरः- मैले आफूलाई र घर परिवारलाई विर्सेर संस्था र सामाजिक परिवारलाई ध्यान दिएर काम गरेको हुनाले नै पुरस्कृत भएको होला जस्तो लाग्छ ।

**प्रश्न ३.तपाईले सापको सशक्तिकरणमा कस्तो भूमिका खेलीरहनुभएको छ ?**

उत्तरः-मैले समग्रले सञ्चालन गरेको सशक्तिकरण कार्यक्रममा सामाजिक परिवारमा गएर सापका सदस्यहरूलाई संगठित गराउने, बचत गर्न लगाउने ,



गाउँघर सरसफाई अभियानमा अग्रसर गराउने , जन्म दर्ता, विबाह दर्ता, मृत्यु दर्ता, देखि लिएर सामाजिक परिवारलाई "२९ दिन आफनो घर परिवारलाई १ दिन सामाजिक परिवारलाई" भन्ने समग्रको नारालाई मूर्तरुप दिन सघाउने, उहाँहरूलाई आफनो परिवार र बाल वच्चाको भविश्यको बारेमा सोच्न सिकाएको छु । कतिपय ठाउँमा मानव अधिकारको वारेमा जानकारी नपाएर पछाडी परेका महिला र अन्य विपन्नहरू छन् भने आफनो हक मागेर नपाएमा खोसेर पनि लिनु र दिन सक्नु पर्छ भन्ने जस्ता कुरा सिकाउँदै आएको छु ।

**प्रश्न. तपाई कार्यरत क्षेत्रमा समग्रको कार्यक्रमले सापहरूमा आएका मुख्य परिवर्तनहरू के के हुन् ?**

उत्तरः- परम्परादेखि दलितहरूलाई निशेधित गरिएको सार्वजनिक स्थल र भोजभतेरहरूमा दलितहरू सहभागी हुन पाएका छन् । महिलाहरू पनि पुरुष सरह दसैमा खसी बोका मार हान्न सक्ने भए । दशैमा मार हान्ने क्रममा महिला पुरुष समान मुखले मात्र होईन व्यवहारमा पनि गरेर देखाउनु पर्छ भनेर हाल दशैमा सिम्पानी गाविसको वडा नं ७ बस्ने सावित्रा भण्डारीले २ वटा खसी मार हानेर देखाईन । चुलो चौकामा सिमीत भएका महिलाहरू हाल आएर सभा सम्मेलनमा जान र बोल्न सक्ने भएका छन् ।

**प्रश्न : सापको संस्थागत विकासका लागि कार्यकर्ताहरूको भूमिका कस्तो हुनुपर्ला?**

उत्तरः- लोभी पापी हुनु भएन । सामाजिक परिवारको अवस्था हेरी उनीहरूको इच्छा चाहना अनुसार चल्न सक्नु पर्दछ । विभिन्न किसिमका आयमुलक र सशक्तिकरणकार्यमा सहभागी गराउनु पर्छ । संस्थाको महत्व आवस्यकता बुझाउन सक्नु पर्छ । आफ्नो स्वार्थवाट माथि उठेर संस्थाको हितमा काम गर्न सक्नु पर्दछ । ●